(६) एक हजारको मोल कंरु ५० भन्दा बढी ६० सम्म पर्ने हजार गोटाके कंरु — — — — ११

(७) एक हजारको मोल कंरु ६० भन्दा बढी ७० सम्म पर्ने हजार गोटाके कंरु— — — १३

(८) एक हजारको मोल कंरु ७० भन्दा बढी पर्ने हजार गोटाके कंरु — — — — — १५

(४) नेपालमा तयार भएको चुरोटमा कंरु १ प्रतिहजार ।

टिप्पणी:—

(१) मोलको अर्थ भारतको अन्तःशुल्क समेतको मोल हो ।

(२) उपरोक्त दरबन्दीमा कंरुलाई मोरु गर्नुपर्दा कंरु १०० बराबर मोरु १२५। गर्नु ।

आज्ञाले—

हिमालयशमशेर,

सेक्रेटरी—अर्थमन्त्रालय (आयविभाग).

अर्थमन्त्रालय (आय-विभागको) सूचना

कपडामा निकासी पैठारीको महसूल

कपडामा पैठारी महसूल देहायबमोजिम लिने मन्त्रिमण्डलबाट निर्णय भई आएको हुनाले सोबमोजिम गर्नु गराउनुहोला ।

(१) मिडियम र कोर्सवानाको कपडामा १ पाई प्रतिगज र फाइन, सुपरफाइन वानाको कपडामा ३ पाई प्रतिगजको दरले महसूल लिनु ।

(२) यो दर उपत्यकाबाहिरसम्बन्धी भन्सारहरू अर्थात्— काठमाडौं भन्सार, गौचर भन्सार, चिसापानी भन्सार, लेलेलप्से भन्सार, दिघ्दुंपालुं भन्सार, खोपासी भन्सारहरूमा लागू हुनेछैन ।

साधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

(१) भारत सरकारको एक्साइज ड्यूटी फिर्ता गर्ने व्यवस्था लागू नभएसम्मलाई यो दर कायम रहन्छ। सो लागू भएको मितिदेखि प्रचलित दरबन्दी अर्थात् मोटा र मझौला बानाको कपडामा १ पैसा प्रतिगज र मसिन्दु र अति मसिन्दु बानाको कपडामा ३ पैसा प्रतिगज नै लागू हुनेछ।

आज्ञाले—
हिमालयशमशेर,
सेक्रेटरी—
अर्थमन्त्रालय (आय-विभाग).

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि म

948